# दोर्दी गाउँपालिका
DORDI RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
नौथर, लमजुङ (Nauthar, Lamjung)
गण्डकी प्रदेश, नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)


पत्र संख्या Ref. No.:-२०७९/८०

चलानी नं. Dispatch No.:-

२०७९/०६/११

## नेपालीहरुको महान चाड "दशैं/विजया दशमी २०७९" को शुभकामना सन्देश ।।।

नेपालीहरुको महान चाड दशैं/ विजयादशमी २०७९ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली बा-आमा, दाजुभाई तथा दिदीबहिनीहरुमा मेरो व्यक्तिगत तथा दोर्दी गाउँपालिकाको तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

विजयादशमी पर्व असत्यमाथि सत्यको विजय हासिल भएको मान्यता र प्रतिकको रुपमा मनाइने विशेष महत्वको चाड हो । यो पर्व घटस्थापना देखि प्रारम्भ भई नवरथा हुँदै कोजाग्रत पूर्णिमा सम्म विविध सांस्कृतिक क्रियाकलाप एंव उत्सवका साथ मान्यजनबाट टीका, जमरा, फुलपाती र हार्दिकता साटासाट गरी मनाउने प्रचलन रही आएको छ । यस पर्वले सबै नेपालीहरुलाई आ-आफ्नो क्षेत्रबाट न्याय र समानता सहितको सामाजिक-आर्थिक समृद्धि, सामाजिक एकता ,आपसी सद्भाव र भातृत्व अभिवृद्धिमा टेवा पुर्याउने विश्वास लिएको छु ।

दशै लगायत चाडपर्वहरु तामझाम तथा तडगभडकका रुपमा नमनाई शान्त,मर्यादित तथा सौहार्दपूर्ण रुपमा मनाउनुपर्दछ । दशैंमा मिठो खाने र राम्रो लगाउने नाममा अस्वस्थ प्रतिस्पर्धा हुने भएकाले दशैंलाई प्रतिस्पर्धा भन्दा पनि आपसी सहयोग र भाईचारा बढाउने रुपमा लिनु पर्दछ ।

अन्तमा, विजयादशमी पर्व, २०७९ ले हामी सबैमा नयाँ उत्साह र जोश जाँगर थप्दै "समृद्ध नेपाल, सुखी नेपाली" को साझा राष्ट्रिय संकल्प हासिल गर्न सहयोग पुग्ने विश्वासका साथ उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

.............................................

युवराज अधिकारी

अध्यक्ष